पोखरा उपत्यका साइडसिन घुम्न जाउँ
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ फागुन १२ गते सोमबार ❑ 24 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## संविधानलाई समयानुकूल संशोधन गर्नुपर्छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संविधानलाई समयानुकूल संशोधन गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेपाल प्रेस युनियन गण्डकी प्रदेशद्वारा शनिार पोखरामा आयोजित अग्रज पत्रकार किशोर नेपालद्वारा लिखित 'नेपालका निधि' नामक पुस्तकको लोकार्पण गर्दै उहाँले संविधान सहमतिको दस्तावेज भएकाले सबै राजनीतिक पार्टी एकै ठाउँमा बसेर सहमतिका आधारमा संविधान संशोधन गर्न आवश्यक



रहेको बताउनुभयो।

मुख्यमन्त्री पाण्डेले प्रदेश सरकार लोकप्रिय हुन नसक्नुमा पनि कानुनहरू नै बाधक रहेको जिकिर गर्नुभयो। नेपाली कांग्रेसका नेता महेन्द्रनारायण निधिबारे लेखिएको यो पुस्तकले राजनीतिक इतिहासलाई उजागर गरेको र निधि इमान्दार तथा निष्ठाको राजनीति गर्ने व्यक्ति भएकाले उहाँको योगदान पार्टीमा महत्वपूर्ण रहेको बताउभयो।

कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले प्रजातान्त्रिक आन्दोलनमा महेन्द्रनारायण निधिले पुऱ्याएको योगदानलाई भुल्न नसकिने बताउनुभयो। उहाँले निष्ठाको राजनीति मात्र नभई सरल स्वभावका धनि भएकाले पनि लोकप्रिय रहेका बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) कास्कीका संयोजक विश्वप्रकाश लामिछानेले निधिजस्तो सरल स्वभाव र निष्पक्षता सबै राजनीतिज्ञमा हुनुपर्ने धारणा राख्नुभयो।

## नेपाल, भारत, चाइना एक्सपो पोखरामा सोमबारबाट सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पर्यटनको राजधानि पोखरामा सोमबारदेखि नेपाल, भारत, चाइना एक्सपो २०२५ हुने भएको छ। पोखरा सहित नेपालको पर्यटन प्रबर्द्धन गर्ने उद्धेश्यले पोखरामा उक्त कार्यक्रम हुने भएको कार्यक्रम संयोजक सुनिल भट्टराईले बताउनुभयो।

प्यासिफिक एसिया ट्राभल एसोसिएसन नेपाल च्याप्टरको आयोजनामा हुने उक्त कार्यक्रममा सहभागि हुन नेपाल सहित भारत र चाइनाबाट क्रेताहरु, बिक्रेताहरु, सञ्चारकर्मी र विज्ञ वक्ताहरु लगायत पर्यटनसँग सम्बद्ध सरोकारवालाहरु पोखरामा आइसक्नु भएको एसोसिएसनका सदस्य एवं कार्यक्रम संयोजक भट्टराईले जनाउनु भयो। पोखराको वुलौदी स्थित पोखरा इभेण्ट सेन्टरमा सोमबार बिहान ८:३० बजे देखि अनौपचारिक रुपमा कार्यक्रम सुरु हुने भएको छ भने बेलुका ६:०० बजे पछि उक्त कार्यक्रमको नेपाल सरकारका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेबाट उद्घाटन गर्ने तयारी गरिएको उहाँले बताउनु भयो।

उक्त कार्यक्रममा मित्र राष्ट्र भारत र चाइना सहित नेपालका गरी करिब ५ सय जनाको सहभागिता हुने भएको आयोजकले दाबी गरेको छ। भारतबाट करिब ४० जना र चिनबाट करिब ५० जनाको



सहभागिता हुने भएको छ भने बाँकी नेपालीहरुको सहभागिता हुने भएको छ। मंगलबार र बुधबार भने बी टु बी कार्यक्रम हुने भएको संयोजक भट्टराईले जनाउनुभयो।

विश्व पर्यटन इतिहासमै पहिलो पटक तीन वटा मुलुक समावेश भई आयोजना गरिने "नाईस" सम्भवतःपहिलो पर्यटन मेला हुने उहाँको दाबी छ। व्यवसायी र निजी तथा सरकारी निकायका सरोकारवालाहरु एवम् संघ संस्थाहरुलाई एकै थलोमा आमन्त्रण गरी आपसी व्यापार प्रवर्द्धन, सम्पर्क सञ्जाल विस्तार तथा त्रिदेशीय पर्यटनको नयाँ आयामहरु उजागर गराउन प्रेरणा प्रदान गर्ने महत्वपूर्ण मञ्च बन्ने आफुहरुले विश्वास लिएको संयोजक भट्टराईले बताउनु भयो।

'नाईस फर माईस एण्ड मोर' भन्ने नाराका साथ आयोजना हुने उक्त पर्यटन मेलाले पोखरालाई पदयात्रा र साहसिक पर्यटनको केन्द्रको रुपमा मात्र नभई बैठक, सभा सम्मेलन, प्रोत्साहान, विवाह तथा अन्य उत्सव, महोत्सव, समारोह, मेला र प्रदर्शनीहरुका लागि आकर्षक गन्तव्यको रुपमा प्रवर्द्धन गर्ने अपेक्षा गरिएको पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारीले बताउनुभयो।

दुई ठुला अर्थतन्त्र, जनसङ्ख्याको हिसावले पनि धेरै जनसङ्ख्या भएको तथा पर्यटनको स्रोत बजार भारत र चीनसँगको पर्यटन सम्भाव्यता र एकीकृत व्यवसायिक अवसर हरुको प्रवर्द्धन गर्नु एक्सोको मुख्य उद्देश्य रहेको उहाँको भनाई थियो। साथै यस एक्स्पोले पोखरा घुम्नै पर्ने प्रमुखको रुपमा परिचित गराउने उद्धेश्य रहेको छ। एक्स्पोको आयोजना गर्नका लागि कबिर ४ करोड खर्च लाग्ने आयोजकले जनाएको छ। यस्ता कार्यक्रमले पोखरा सहित नेपालको पर्यटन प्रबर्द्धनमा धेरै मद्धत पुग्ने परिषदका महासचिव जीवनराम सापकोटाले जनाउनु भयो। नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालय, पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद र अन्य प्रमुख पर्यटन संघसंस्था र सरकारी एवं निजी क्षेत्रका विभिन्न साझेदार संस्थाहरुको सहकार्यमा कार्यक्रम हुने भएको हो।

## एमालेलाई बलियो बनाउन 'जरा केन्द्रित' अभियान : महासचिव पोखरेल

**रासस**
काठमाडौं, ११ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले एमाले पार्टीलाई बलियो बनाउनका लागि 'जरा केन्द्रित अभियान' सञ्चालन गरेको बताउनुभएको छ।

ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा आज भएको नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन (नेपोन) बागमती प्रदेश कमिटी दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै महासचिव पोखरेलले जरा केन्द्रित अभियानको मिसन २०८४ सालमा हुने निर्वाचनमा एमालेलाई निर्णायक शक्तिका रूपमा स्थापित गर्ने रहेको बताउनुभयो।

मुलुक बनाउनका लागि बलियो राजनीतिक दल आवश्यक रहेको उल्लेख गर्दै महासचिव पोखरेलले एमाले मुलुकमा राजनीतिक स्थायित्व कायम गर्न सक्ने क्षमता बोकेको पार्टी भएको बताउनुभयो। उहाँले निर्णायक शक्ति निर्माण गर्ने यात्रामा भूपुपूर्व सैनिक तथा प्रहरी सङ्गठनको योगदान रहने बताउनुभयो। नेपालमा रहेको जनशक्तिलाई सीप, ज्ञान र क्षमता प्रदान गरेर परिचालन गर्न अहिलेको आवश्यकता रहेको महासचिव पोखरेलको भनाइ थियो। उहाँले बलिया राजनीतिक दल निर्माण गरेर राज्यलाई बलियो बनाउनुपर्ने बताउनुभयो। "जबसम्म पार्टी बलियो हुँदैन जनता बलिया हुँदैनन। पार्टी बलियो नभई राज्य बलियो हुँदैन। त्यसैले लोकतन्त्रमा राज्य बलियो बनाउन बलिया पार्टी आवश्यक हुन्छन", महासचिव पोखरेलले भन्नुभयो। उहाँले नागरिकलाई पुँजी निर्माणतर्फ अग्रसर गराउनुपर्ने बताउनुभयो। सङ्गठनका अध्यक्ष विनोद पाण्डेले मुलुकमा देखिएको अस्थिरता एमाले र नेपाली कांग्रेस मिलेर चिर्ने काम गरिरहेको बताउनुभयो। सम्मेलनले नयाँ नेतृत्व चयन गर्नेछ।

## अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिप : नेपाल र म्यान्माबीचको खेल बराबरी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

चार देश सम्मिलित अन्तर्राष्ट्रिय महिला फुटबल च्याम्पियनसिप अन्तर्गत नेपाल र म्यानमाबीचको आज भएको खेल बराबरीमा सकिएको छ।

लिग चरणको अन्तिम खेलमा दुवै देशले उक्त खेल २-२ गोलको बराबरी खेलेका हुन्। दशरथ रङ्गशालामा भएको खेलअन्तर्गत पहिलो हाफ नेपाल र म्यानमाले २-२ गोलको बराबरी खेलेका थिए। तर दोस्रो हाफको खेलमा भने दुवै टोलीले गोल गर्न सकेनन्। पहिलो हाफमा खेलको छैठौं मिनेटमा घरेलु दर्शकलाई स्तब्ध पार्दै म्यानमाले पहिलो गोल गरेको थियो। उक्त गोल म्यानमाका लागि फ्रि-किकमा म्याट नोइ खिनले गरेकी थिइन्। लगत्तै खेलको ११ औं मिनेटमा नेपालका लागि सविता रानामगरले गोल गरिन्। उनले खेललाई १-१ गोलको अवस्थामा पुऱ्याइन्। यसैगरी खेलको १७औं मिनेटमा म्यानमाले नेपालविरुद्ध दोस्रो गोल गऱ्यो। म्यानमाका लागि उक्त गोल मे टेट लुले गरेकी थिइन्। पहिलो हाफको अन्तिम समयमा नेपालका लागि सावित्रा भण्डारी 'साम्बा'ले गोल गरिन्। उनले खेलको ४१औं मिनेटमा प्रीति राईको उत्कृष्ट पासमा गोल गरेकी थिइन्। दोस्रो हाफमा भने नेपाल र म्यानमाका तर्फबाट पटक पटक गोल गर्ने प्रयास भए पनि सफल भने हुन सकेनन्। यसअघि नेपाल र म्यानमाले लेबनान र कीर्गिस्तानलाई पराजित गरेका थिए। अब नेपाल र म्यानमाबीच बुधबार फाइनल खेल हुने छ।


डिभिजन वन कार्यालय, कास्कीको अनुरोध

गर्मी याम र खडेरीको समयमा वन डढेलोका घटनाहरू हुने गर्दछन्। वनमा डढेलो लाग्न गयो भने त्यहाँ भएका वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको अपुरणीय क्षति भई तापक्रम वृद्धि हुने र पर्यावरणमा समेत अपुरणीय क्षति पुग्दछ। जसबाट अन्ततः मानव अस्तित्वमा नै संकट पैदा हुन जान्छ त्यसैले

- वन जंगलमा डढेलो लाग्न नदिऔँ, लागि हालेमा जनसहभागिता जुटाई तुरुन्त निभाऔँ।
- सलाई, लाइटर जस्ता प्रज्वलनशील वस्तु लिई वन प्रवेश नगरौँ/नगराऔँ।
- वन जंगल तथा जोडिएका खेतबारीमा भएका झारपात झिंजाहरु लगायत ज्वलनशील पदार्थलाई संकलन गरी मलखाद बनाई कृषिमा आत्मनिर्भरता बढाऔँ।
- वनमा आगोलागीको मौसम शुरु हुनु अगावै अग्नी रेखाको निर्माण गरौँ। अग्नी रेखा निर्माण भई सकेका क्षेत्रमा समयमै मर्मत र सरसफाई गरौँ।
- वनमा डढेलो लगाउने जस्तो गम्भिर फौजदारी अपराध गर्ने व्यक्तिलाई कारबाहीका लागि नजिकको वन कार्यालय, सुरक्षा निकाय वा जिल्ला प्रशासन कार्यालयमा खबर गरौँ।
- वनडढेलो रोकथाम, नियन्त्रण र व्यवस्थापन जस्तो पवित्र कार्यमा आ-आफ्नो ठाउँबाट जुटौँ र पुण्य कमाऔँ।



वनमा आगो लगाउने कार्य कानुनत दण्डनीय अपराध हो। यस्तो कार्य गर्नेलाई वन ऐन २०७६ बमोजिम क्षति भएको बिगो असुल गरी साठी हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।
सम्पर्कका लागि : ०६१-५७०१७१, ९८५६०३७५०७, ९८५६०८७५०७



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# साहित्य र पर्यटनलाई जोड्दै नेपाल साहित्यिक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पछिल्लो समय पोखरा महोत्सवमय बनिरहेको छ। एकपछि अर्को 'महोत्सव'ले चलायमान बनिरहेको पोखरामा फागुन १५ देखि १८ गतेसम्म हुने १२औँ संस्करणको नेपाल साहित्यिक महोत्सवले पर्यटकीय नगरीमा अर्को रौनकता थप्दै छ।

बुकवर्म फाउन्डेसनद्वारा आयोजित महोत्सवमा फेवाताल, माछापुच्छ्रे अन्नपूर्ण हिमशृङ्खलालाई साक्षी राखेर देश-विदेशका दुई सयभन्दा बढी साहित्यकार, राजनीतिज्ञ, लेखक, कलाकार, सम्पादक, पत्रकारलगायतले विचार मन्थन गर्दैछन् । महोत्सवमा साहित्यसँग जोडिएका सामाजिक, राजनीतिक, आर्थिक, नवीन प्रविधि, सिनेमालगायत विविध क्षेत्रका विषयमाथि मन्थन हुँदैछ।

पर्यटकीय राजधानी पोखरालाई पर्यटकको उत्कृष्ट गन्तव्य बनाउन फागुन ३ गते मात्र पोखरा महानगरपालिकाले पोखरा भ्रमण वर्ष २०२५ को घोषणा गरेको थियो। करिब २० लाख पर्यटक भित्र्याउने लक्ष्यका साथ भएको घोषणालाई सार्थक बनाउन पनि पोखराले कुनै न कुनै गतिविधि गरेर पर्यटकलाई भित्र्याउनुपर्ने अवस्थामा यो महोत्सवले पनि पर्यटन प्रवर्द्धनमा थप भुमिका खेल्ने विश्वास व्यवसायीको छ । पोखरा भ्रमण वर्ष २०२५ कार्यसम्पादन समितिका संयोजक एवं पर्यटन व्यवसायी गोपीबहादुर भट्टराईले नेपाल साहित्यक महोत्सवको १२ औं संस्करणले पोखरालाई थप पर्यटकमयी बनाउने विश्वास व्यक्त गर्नुभयो। "यस महोत्सवले साहित्य, संस्कृति र पर्यटनको संयोजनबाट पोखराको पहिचान विश्वभर फैलाउने र स्थानीय अर्थतन्त्रलाई मजबुत पार्न महत्त्वपूर्ण भूमिका खेल्ने छ", उहाँले भन्नुभयो, "पोखराको प्राकृतिक सुन्दरता र सांस्कृतिक विरासतलाई पनि विश्वमा चिनाउँदै पर्यटन क्षेत्रलाई ज्ञान र सृजनात्मक यात्रासँग जोडेर थप ऊर्जाशील हुने यो राम्रो अवसर हो ।" उहाँले फेवा किनारमा हुने विचारमन्थनले राजनीति, विभिन्न जात, धर्म, भाषाभाषीको पहिचान र कला संस्कृतिका बारेमा विषय उठान नयाँ र अग्रज पुस्ताबीचको समन्वयात्मक भूमिका पनि महोत्सवले खेल्ने बताउनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा इभेन्ट नै इभेन्टको सहर भएको जनाउँदै लिटरेचर फेस्टिभलले पोखराको पर्यटनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। उहाँले भन्नुभयो, "पोखरामा केही न केही गतिविधि भइराख्छ, यसले पोखराको सांस्कृतिक धरोहर र साहित्यिक परम्परालाई विश्वभर चिनाउने मौका दिन्छ, जसले पर्यटकलाई नेपाली साहित्य र संस्कृति बुझ्न आकर्षित गर्छ ।" उहाँले पोखरा भ्रमण वर्ष २०२५ सफल बनाउन पनि यो एउटा कोशेढुङ्गा सावित हुने बताउनुभयो। "पोखरा आउने विदेशी प्रख्यात लेखक, साहित्यकारको पोखराका बारेमा एक-दुई शब्दले पनि पोखराको प्रचारलाई टेवा पुग्छ, सँगै विदेशी साहित्यिक अनुरागीलाई पनि नेपाल घुम्ने बहाना यो महोत्सवले दिलाउने छ", उहाँले भन्नुभयो।

योसँगै पोखरामा आउने पर्यटकले होटल, रेस्टुरेन्ट, यातायात र अन्य सेवामा खर्च गर्छन्, जसले स्थानीय व्यवसायलाई फाइदा पुग्ने र अर्थतन्त्र चलायमान हुने उहाँको भनाइ छ। पोखरा महानगरपालिका पर्यटन तथा सहरी विकास महाशाखा प्रमुख विमलरञ्जन कार्कीले पोखरा पर्यटन वर्ष घोषणा भइसकेको जनाउँदै अब १२औं संस्करणले साहित्यिक महोत्सवले पोखरालाई थप गतिशील बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "पोखरा आफैँमा 'चलायमान' हो, एकपछि अर्को खेलकुद कला, साहित्यका महोत्सवले यहाँको पर्यटनलाई प्रवर्द्धन गर्ने विश्वास लिएका छौँ ।" उहाँले पोखरालाई केवल प्राकृतिक सौन्दर्यको केन्द्रमात्र नभई, विविध सांस्कृतिक तथा बौद्धिक गतिविधिको प्रमुख थलोका रूपमा स्थापित गर्ने लक्ष्य महानगरको भएको र यस्ता महोत्सवलाई प्रवर्द्धन गरिरहेको जानकारी दिनुभयो।

"साहित्य, कला, संस्कृति र पर्यटनलाई एकसाथ प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना हुने लिटरेचर फेस्टिभल पनि पोखरा पर्यटन वर्षको अभिन्न अङ्गका रूपमा लिएका छौँ ।" उहाँका अनुसार यस्ता महोत्सवले पोखराको मौलिक पहिचानलाई विश्वमञ्चमा स्थापित गर्न मद्दत गर्नेछन् । पोखरा भ्रमण वर्षलाई प्रभावकारी रूपमा अघि बढाउँदै अन्तरराष्ट्रिय तथा स्वदेशी पर्यटक आकर्षित गर्न महानगरपालिकाले विभिन्न रणनीतिक योजना अघि सारेको जानकारी दिनुभयो । महोत्सवका सदस्य एवम पत्रकार भरत कोइरालले साहित्यसँग सम्बन्धित कार्यक्रमको आयोजना गर्दा पोखरा साहित्यिक पर्यटकको गन्तव्य बन्न थप मद्दत पुग्ने बताउनुभयो । "लेखक र पाठकको अन्तरक्रिया, पुस्तक विमोचन र साहित्यिक चर्चाहरूले पोखरालाई साहित्यिक पर्यटनको केन्द्र बनाउने सम्भावना बढाउँछ", उहाँले भन्नुभयो, "यसले पोखराको अन्तरराष्ट्रिय प्रतिष्ठा बढाउँछ र पर्यटन प्रवर्द्धनमा मद्दत पुर्‍याउँछ।

साथै, लिटरेचर फेष्टिभलले साहित्य र कलाको माध्यमबाट सामाजिक, राजनीतिक, र सांस्कृतिक सन्देशहरू फैलाउने अवसर प्रदान गर्दछ।" उहाँले यस्ता गतिविधिले पर्यटकलाई पोखरामा लामो समयसम्म बस्न प्रेरित गर्ने र पोखराको पर्यटनलाई समृद्ध बनाउन भूमिका खेल्ने बताउनुभयो।

कार्यकारी निर्देशक नीरज भारीका अनुसार यस वर्षको फेस्टिभलमा दुई सयभन्दा बढी साहित्यकार, कलाकार, पत्रकार र नेताको उपस्थिति रहने छ । फेस्टिभलमा ५० भन्दा बढी सत्र, अन्तरक्रियात्मक कार्यक्रम, साङ्गीतिक प्रस्तुति र रचनात्मक गतिविधि समावेश गरिने छन् । नेपाली अमेरिकी लेखक रञ्जन अडिगाको सहभागिता, 'लिच एण्ड अदर स्टोरीज' माथि उनी र भूषिता वशिष्ठबीच संवादसँगै प्राध्यापक महेन्द्र पी लामाको विद्वत प्रवचन, मनिषा कोइरालासँगको संवाददेखि राजेश हमालको पुस्तक लोकार्पणसम्मका चर्चित सत्र समावेश हुनेछन् । छ वर्षीया भूमिलक्ष्मीदेखि ८९ वर्षीय मोहनविक्रम सिंहसम्मको पुस्तकको चर्चाजस्ता साहित्य र समाजका विभिन्न पाटोहरूमा बहस विचारविमर्श हुनेछन्।

निर्देशक अजित बरालले कार्यक्रमको सहर पोखरामा साहित्यिक महोत्सवले सहरको संस्कृति र सभ्यता निर्माण र पर्यटन प्रवर्द्धनमा थप योगदान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "नेपाल साहित्सिक महोत्सवले पोखराको सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ, यसको प्रभावले पोखरालगायत अन्य सहरहरूमा पनि साहित्यिक गतिविधिको महत्व बढ्दै गएको साथै, साहित्य र पर्यटनबीच सँगसँगैको विकासले पोखरालाई अन्तरराष्ट्रियस्तरमा नयाँ पहिचान दिँदै गएको छ ।" उहाँले महोत्सव सफल बनाउन स्थानीय, प्रदेश र सङ्घ सरकारसँगै, निजी क्षेत्र एनसेल, पर्यटन व्यवसायी साहित्य अनुरागी, सङ्घसंस्था, सञ्चार जगत् सबैको साथ रहेको बताउनुभयो।

उहाँका अनुसार साङ्गीतिक कार्यक्रममा प्रोजेक्ट सारङ्गी र सोनागी ब्लुजजस्ता समूहहरूले परम्परागत र समकालीन सङ्गीतको मिश्रण प्रस्तुत गर्ने छन् । यसले पोखराको साङ्गीतिक परम्परामा पनि नयाँ रङ्ग थप्ने छ। साथै लोक चित्रकारको चित्रकला प्रदर्शनीले संस्कृति र कलाप्रेमीलाई आकर्षित गर्नेछ।

# सरकारले छुट्याएको बिकास बजेट समयमा किन खर्च हुदैन ?- जिसस कास्की प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले सरकारले छुट्याएको बिकास बजेट समयमा खर्च नहुनुको कारण माग गर्नुभएको छ।

प्रमुख पौडेलले सघ तथा प्रदेश का बिषयगत सेवाप्रबाह का कार्यलयहरुको अर्ध बार्षिक समिक्षा तथा नागरिकका जनसरोकारका बिषय हरुका सन्दर्भमा आइतबार जिसस कास्कीले आयोजना गरेको अर्धबार्षिक समिक्षा एबम छलफल कार्यक्रममा सो प्रश्न गर्नुभएको हो। उहाँले सरकारी कार्यालयहरूको पुजिगत खर्चको अवस्था ज्यादै चिन्ताजनक देखिएको भन्दै तत्काल कमिकमजोरी सच्याउन आग्रह गर्नुभयो । प्रमुख पौडेलले आर्थिक बर्षको बाकी अबधि उल्लेखनीय बनाउन आग्रह गर्दै योजना अनुसारको खर्च नहुदा बिकास निर्माण र सेवा प्रबाहको अबस्था प्रभावित हुने उल्लेख गर्नुभयो। उहाले सम्पूर्ण कार्यालयहरूले पुजिगत खर्च बढाउने आवश्यक सम्पूर्ण काम पूरा गर्न कास्कीका कार्यालयहरूलाइ निर्देशन दिनुभयो । कार्यक्रमका सहभागिहरुले अनौपचारिक क्षेत्रका श्रमिक हरुलाई सामाजिक सुरक्षा कोषमा सहभागी गराउन, डेङ्को रोक्थाम को अभियान समयमै चलाउनु पर्ने, सिंचाइ मा बढी जोड दिनु पर्ने र बाझो जग्गालाई सदुपयोग गर्नुपर्ने, किसानहरुले पोटास मलको प्रयोग बढाउने, रैथाने वाली संरक्षण र प्रोत्साहन गर्ने, महिला उधमिहरुलाई प्रोत्साहन गर्नुपर्ने, एउटा व्यक्ति लाई दोहोरो अनुदान दिन रोक्नुपर्ने, कृषि तथा पशु बिज्ञ केन्द्र बाट दिईने सुचना तल्लो तह वडा सम्म पुग्नुपर्ने, डिभिजन वनकार्यलय संग समन्वय गरि वनजङ्गलका पात पतिङरलाई जैविक मल बनाउने जस्ता कार्यमा अनुदान दिनुपर्ने, बिषादिको लाइसेन्स को लागि प्रदेशले कानुन बनाउनु पर्ने विषयमा जोड दिनुभएको थियो।माटो परिक्षण को लागि तालिका बनाई स्थानीय तहमा नै पुगी परिक्षण गर्नुपर्ने, नागरिक का घर घरमा खानेपानी आपूर्ति नियमित हुनुपर्ने, सामुदायिक वनको जग्गा समुदायको हितमा प्रयोग गर्नु पर्ने जस्ता बिषयहरु उठाउनु भएको थियो।

कार्यक्रम मा सामाजिक सुरक्षा कोष, प्रदेश जनस्वास्थ्य कार्यलय, कृषि ज्ञान केन्द्र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यन्बयन ईकाई ,शिक्षा बिकास तथा समन्वय ईकाई, पर्यटन तथा उधोग कार्यालय ,भेटनरी अस्पताल, तथा पशु बिज्ञ केन्द्र ,गण्डकी आयुर्वेद अस्पताल ,श्रम तथा रोजगार कार्यलय, डिभिजन बन कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप- प्रमुख सरिता माल र सहजीकरण जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# पुम्दीकोटमा जारी महायज्ञमा श्रद्धालु भक्तजनहरुको भिड बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

पोखरा २२ को पुम्दीकोटमा जारी महायज्ञमा श्रद्धालु भक्तजनहरुको भिड बढ्दो रुपमा रहेको छ।

महायज्ञमा हरेक दिन जसो श्रद्धालुभक्तजनहरुको सहभागिता बढ्दो रुपमा रहेको पुम्दीकोट कोट विकास समितिका अध्यक्ष एवम् महायज्ञका मुल संयोजक चन्द्रकान्त बरालले बताए। समृद्धि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने मुल नाराका साथ कैलाशधाम निर्माण परिकल्पना गर्दै आयोजना गरिएको ज्ञान महायज्ञमा पोखरा, कास्की सहितका छिमेकी जिल्ला एवं देश तथा विदेशबाट श्रद्धालु भक्तजनहरुको भिड बढ्दो क्रममा रहेको उनले जनाए । आइतबार गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले महायज्ञको अवलोकन एवम् निरीक्षण गरेका थिए । श्रीमद्‌भागवत ज्ञान महायज्ञ एवं महाशिवरात्री महिमाको पाँचौ दिन पनि श्रद्धालु भक्तजनहरुको उत्साहपुर्ण भिड देखिएको हो। भागवत मञ्जरी राधिका दासीले श्रीमद् भागवत वाचन गर्दै आउदा धेरै भक्तजनहरूको सहभागिता रहेको संयोजक बरालले जानकारी दिए । फागुन ७ गतेदेखि सुरु भएको महायज्ञ १५ गतेसम्म चल्ने समितिका सचिव निर्मलराज बरालले बताए। आइतबार मात्रै २० हजार श्रद्धालु भक्तजनहरुले पुम्दिकोटको दर्शन गरेको अध्यक्ष बरालले जानकारी दिए। कार्यक्रममा स्व स्फुर्त रूपमा विभिन्न संघसंस्था एवं आमा समूहहरूले भक्तजनहरूको व्यवस्थापन प्रसाद वितरण लगायत अन्य कार्यहरूमा सहयोग पुऱ्याउँदै आएका छन् । हरेक साँझ हुने महाआरती कार्यक्रममा भक्तजनहरूको उल्लेख्य भिड लाग्ने गरेको सहसचिव दुर्गाबहादुर गुरुङले बताए। पोखरा देखि पुम्दीकोटसम्म निःशुल्क बस सेवा सञ्चालन भएको समितिका सल्लाहकार मातृका बरालले जानकारी दिए। पोखरा १७ विरौटा, बराल फिड, छोरेपाटन हुँदै पुम्दीकोटसम्म बिहान ९ बजेदेखि यातायात को व्यवस्थापन हुने बरालले जानकारी दिए। पोखरा भ्रमण वर्ष २०२५ को घोषणासँगै पोखरामा आयोजना भएको पहिलो कार्यक्रम रहेको श्रीमद्‌भागवत ज्ञान महायज्ञमा धार्मिक अनुष्ठानका अलावा श्रीमद्‌भागवत वाचन तथा विभिन्न कलाकारहरू मार्फत धार्मिक नाटक झाँकी प्रदर्शन लगायत दानदाता सम्मान कार्यक्रम हुँदै आइरहेको छ। धार्मिक चेतना जागरण गर्दै सनातन परम्परालाई मजबुत बनाउन यसअघि पुम्दीकोटमा वि स २०७३ र ०७९ सालमा ज्ञान महायज्ञ एवम् धार्मिक महोत्सव सम्पन्न भइसकेका छन्।

२०७३ सालमा पहिलो पटक ईश्वरकृष्ण महाराजजि, त्यसपछि २०७९ सालमा शिवमहापुराण ज्ञान महायज्ञ आयोजना भयो । जहाँ भागवत भास्कर कमलनयन गौतमले प्रवचन दिएका थिए । समाजमा बिग्रदै गएको मानसिक स्वास्थ्यलाइ आध्यात्मिक जागरण मार्फत हाम्रो मन,चित्त शुद्धीकरण गर्ने र सनातन धर्मको संरक्षण गर्दै आकर्षक धार्मिक पर्यटकीय गन्तव्यका रुपमा पुम्दिकोट बनाउने मुल उद्देश्य सहित महायज्ञको आयोजना गरिएको हो । यसैबीच महायज्ञमा दानराशिका आधारमा १ हजार रुपियाँसम्मका दानहरुलाई दान पेटिकामा खसालिने, रु १ हजार देखि ३ हजारसम्म दान गर्ने दाताहरूको नाम अभिलेखमा राखी रसिद प्रदान गरिने, ३ हजार १ रुपियादेखि ५ हजार रुपियासम्म दान गर्ने दाताहरूलाई प्रमाणपत्र द्वारा सम्मान गरिने, ५ हजार १ रुपियाँ देखि १० हजारसम्म दान गर्ने दाताहरूलाई फ्रेमसहितको प्रमाणपत्रद्वारा राम नमीले सम्मान गरिनेछ । त्यसैगरी १० हजार १ रुपियाँदेखि रु २५ हजारसम्म दान गर्ने दाताहरूलाई फ्रेमसहितको प्रमाणपत्र तथा उक्त रकम दाताहरुको नाम शिलालेखमा लेखिनेछ। त्यसैगरी २५ हजार १ रुपियादेखि ५० हजारसम्म दान गर्ने दाताहरूलाई माथिका सम्मानसहित भजन किर्तनले स्वागत गर्दै मञ्चबाट नाम घोषणा गरिनेछ। ५० हजार १ रुपियाँदेखि १ लाख सम्म दान गर्ने दाताहरुलाई संस्थाको आजीवन सदस्यता प्रदान गरिनेछ भने १ लाख १ रुपियाँ देखि २ लाख २५ हजार ९९९ सम्म दान गर्ने दाताहरूलाई माथिका सम्मानसहित आकर्षक मायाको चिनो प्रदान गरिनेछ । २ लाख २५ हजार रुपियाँदेखि ५ लाखसम्म दान गर्ने दाताहरूलाई माथिका सम्मानसहित परिसरभित्र रहेका कुनै एक शिवलिङ्ग उनको नामबाट स्थापित गरिनेछ। त्यसैगरी ५ लाख रुपियाँदेखि माथि दान गर्ने दाताहरूलाई आयोजक समितिको निर्णयले उचित सम्मान दिने कुरा समितिका व्यवस्थापक रुद्रनाथ पौडेलले जानकारी दिए।

# तामाङ साँस्कृतिक नृत्य प्रतियोगितामा डिडि डान्स सेन्टर प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ फागुन

नेपाल तामाङ साँस्कृतिक घेदुङ पोखराको आयोजनामा तामाङ साँस्कृतिक नृत्य प्रतियोगिता सम्पन्न भएको छ।

पोखरा उद्योग बाणिज्य संघको हलमा सम्पन्न प्रतियोगितामा डिडि डान्स सेन्टर प्रथम भएको छ । प्रतियोगितामा पुर्णिमा कला केन्द्र द्धितिय, बागिना कला केन्द्र तृतिय तथा नेपाल तामाङ घेदुङ सिम्पानी इकाइले सान्तन्वा स्थान हासिल गर्न सफल भएका छन् । विजेता प्रथम, द्धितिय, तृतिय एवम सान्तन्वा स्थान हासिल गर्ने टोलीले क्रमश रु ५० हजार, २५ हजार, १५ हजार र १० हजार नगद पुरस्कारका साथ




ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन्। विजेताहरुलाई गण्डकी प्रदेशसभा सदस्य पार्वती तामाङ, नेपाल तामाङ घेदुङका केन्द्रिय उपाध्यक्ष दीपम वाइवा तामाङ, पुर्व अध्यक्ष धनप्रसाद तामाङ, केन्द्रिय सदस्य सुजन लामा, नेपाल तामाङ घेदुङ गण्डकी उपाध्यक्ष जसपाल पाख्रिन तामाङ, उपाध्यक्ष रामबहादुर ब्लोन शिबु, नेपाल तामाङ घेदुङ कास्की अध्यक्ष भक्त तामाङ, नेपाल तामाङ साँस्कृतिक घेदुङ पोखराका अध्यक्ष अमन तामाङ लगातयले वितरण गरेका थिए । प्रतियोगितामा लामा गाउँ इकाइ समाज, नेपाल तामाङ घेदुङ सिम्पानी इकाइ, बिटुडी डान्स स्कुल, नमोबुद्ध युवा क्लब, पुर्णिमा कला केन्द्र, बागिना कला पाठशाला र डिडि नृत्य सेन्टर गरि ७ टोलीले प्रतिस्पर्धा गरेका थिए। कार्यक्रममा स्टार स्टुडियोका डान्स कोरियोग्राफर एवम चलचित्र निर्देशक जसु गुरुङ, बरिष्ठ नृत्य निर्देशक अमर गोम्जा, नेपाल तामाङ साँस्कृतिक घेदुङका नृत्य निर्देशक विक्रम तामाङ निर्णायक रहेका थिए। कार्यक्रममा चर्चित कलाकार उर्गेन दोङ्ग तामाङ, अम्बर तामाङ र प्रशान्त तामाङले गायन प्रस्तुती राखेको थिए। मन्जुश्री तामाङ बौद्ध समाजका ८ वर्षिय यान्सेन तामाङले स्वागत नृत्य, सिम्पानी समाजको नृत्य, म्हेन्दोमाया समाजबाट माया थोकरले नृत्य, कवि माधव खतिवडाले तामाङ कविता वाचन गरेका थिए। नेपाल तामाङ साँस्कृतिक घेदुङ पोखराका अध्यक्ष अमन तामाङको अध्यक्षतामा भएको कार्यक्रमको उदघाटन गण्डकी प्रदेशसभा सदस्य पार्वती तामाङले गरेका थिए। कार्यक्रममा नेपाल तामाङ साँस्कृतिक घेदुङ पोखराका उपाध्यक्ष मिलन योन्जनले स्वागत, निर्णायक जसु गुरुङले प्रतियोगिताको नियमबारे प्रकाश पारेका थिए । कार्यक्रमको संचालन संचारकर्मी सन्जय मल्ल र मिस तामाङ पोखरा २०२४ रोशिला ब्लोन तामाङले गरेका थिए।


## फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहरलाई डस्बिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुन:प्रयोग गर्न मिल्ने गरी छुट्याई भाडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फ्रेड डे

## सम्पादकीय

# वार्ताबाट समस्या हल गर

पाथीभरामा केबलकार बनाउने र बनाउनै बीच आन्दोलन जारी छ । अहिले स्थानीय भन्दा पहिचानको राजनीति गर्नेले समाजलाई कित्ता गराएका छन । सांसदहरुले पाथीभरा क्षेत्रमा जनताको इच्छाविपरीत केबलकार निर्माण सुरु गरिएको उल्लेख गर्दै उक्त कार्य तत्काल रोक्न माग गरेका छन् । प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा आइतबार उनीहरुले जनताले केबलकार निर्माणको प्रतिकार गर्न खोज्दा झडपको वातावरण बनेकाले समाधानका लागि आजै निर्माण रोक्नमका लागि सरकारको ध्यानाकर्षण बैठकमा सांसद राजेन्द्रप्रसाद लिङ्देनले जनताको चाहना बुझ्न नखोज्दा पाथीभारा रणटोलीको मैदानमा परिणत भएको उल्लेख गर्दै एक व्यापारीको स्वार्थ पूर्ति गर्न समाजमा जनता लडाउने काम भएको टिप्पणी गरे 'सरकार किन अनदेखा गरेको ? मन्त्रीस्तरको वार्ता गर्न सरकार किन तयार नभएको', सांसद लिङ्देनले भने,' सरकारी त अहिले जनताको इच्छाविपरीत राज्यशक्ति लगाएर निर्माण अघि काम बढिरहेको बताउँदै उनले जनताले उक्त धार्मिक स्थलमा केबलकार नचाहेको र प्रतिकारमा उत्रिएको जानकारी गराए ।

सांसद योगेश भट्टराईले ताप्लेजुङ जिल्लास्थित पाथीभरा मुक्कुम्लुङ क्षेत्रमा केबलकार बनाउने विषयलाई लिएर केही दिनदेखि तनाव सिर्जना भइरहेको छ । केबलकार बनाउने उचित हो वा होइन वार्ता र संवादबाट टुंग्याउनुपर्ने उल्लेख गरे । सांसद तोसिमा कार्कीले सो क्षेत्रमा केबलकार निर्माण विवादरहित बनाउनुपर्ने उल्लेख गर्दै सरकारले बल प्रयोग गरेर नभई वार्ताबाट समाधान खोज्नुपर्नेमा जोड दिइन् । साथै उनले सो आयोजनाको निर्माण तत्काल स्थगन गरेर सरोकारवाला सबैसँग संवाद गरेर समाधान गर्न सरकारसँग आग्रह गरिन् । सांसद माधव सापकोटाले सुशासन कायम गर्न नसक्दा नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी 'ग्रे लिस्ट'मा पुगेको णबताए । उनले राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङको कार्यकक्षमा दुर्व्यवहार गर्नेमाथि कारबाही नभएको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद तारा लामाले कञ्चनपुरको बेलडाँडीमा बस्ती हटाउने नाममा स्थानीय प्रशासनबाट जनता घाइते भएको आरोप लगाउँदै घाइतेको उपचार गर्न र दोषीमाथी कारबाही गर्न सरकारसँग माग गरे । राँके जुलुस व्यक्तिको घरमा झोस्ने, सवारी साधन तोडफोड, निर्माणस्थल कब्जा गर्ने उद्देश्यले अघि बढेका पहिचानवादी आन्दोलनकारीलाई रोक्न खोज्दा ढुंगा हानेर तोडफोडमा उत्रिएपछि उनीहरुलाई पछि हटाइएको प्रहरीले जनाएको छाप्रहरीले बल प्रयोग गर्ने अवस्था सृजना जिल्ला बाहिरकाले बनाउन खोजेका छन।संविधान जारी गर्ने बेला टिकापुरमा बाहिरबाट गएर अवस्था उत्तेजित बनाउने काम गरेका थिए ।

अहिले त्यसबाट पाठ सिकेर संवाद र छलफलका लागि दबाबको खाँचो छ । संयम र सहमतिका लागि भूमिका खेल्नुपर्नेहरु अहिल्यै पक्ष र विपक्षमा उत्रिनु हतारो हो। फेरि पनि संवादका माध्यमबाट आ-आफ्ना विचार राख्ने र सहमतिमा पुग्ने काम आवश्यक छ । आधुनिक प्रविधिको प्रयोग गरेर भक्तजनले पाथीभरा मन्दिरमा पुग्न सकुन भन्ने भावनाको विकासका लागि सबैका कुरा सुन्ने परिस्थिति निर्माण आजको आवश्यकता हो । सडकमा उठेको भन्दा सदनमा कुरा उठिसकेको हुँदा वार्ताबाट समस्या हल गर्न तयार हुनुपर्छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बड्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# बरेङमा बसाइँसराइले बस्ती सुनसान

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ फागुन

पछिल्लो समय बागलुङको बरेङ गाउँपालिकाबाट बसाइँसराइ गर्नेको सङ्ख्या बढ्दै गएको छ । हरेक महिना गाउँ छोडेर बजार झर्ने बढ्दै गएपछि बस्ती सुनसान बन्न थालेका छन् भने खेतीयोग्य जमिनमा झाडी पलाएका छन् ।

बरेङ गाउँपालिकाका सूचना अधिकारी केशवराज क्षेत्रीका अनुसार पछिल्लो दुई वर्षमा तीन सय ४७ परिवारका एक हजार दुई सय ८० जनाले गाउँ छोडेका छन् । गाउँमा शिक्षा, स्वास्थ्य, यातायातलगायतका विकास पुग्दै गरे पनि स्थानीयले बसाइँसराइ गर्न छाडेका छैनन् । चालु आर्थिक वर्षको सात महिनामा दुई सय १० जनाले गाउँ छाडेको सूचना अधिकारी क्षेत्रीले जानकारी दिनुभयो । साउनयता ५५ परिवारले बसाइँसराइ गरेर अन्य ठाउँमा गएका हुन् । यस वर्ष सबैभन्दा धेरै वडा नम्बर १ धुल्लुबास्कोटबाट १३ घरपरिवारका ५८ जना र सबैभन्दा कम वडा नम्बर ५ सुखौराका छ घरपरिवारका २० जनाले बसाइँसराइ लिएको क्षेत्रीको भनाइ छ। दुई वर्षको अवधिमा ४० परिवारका एक सय ३१ जना बसाइँसरेर बरेङमा आएका छन् । बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले बसाइँसराइ रोक्नका लागि पालिकाले जनताका आधारभूत आवश्यकता पूरा गरी गुणस्तरीय सेवा प्रवाहमा लागेको बताउनुभयो । पालिकाका सबै वडा र बस्तीमा सडक पुर्‍याउनका साथै खानेपानी, विद्युत् र स्वास्थ्य संस्था स्थापना गरेर सेवा दिए पनि बसाइँसराइ रोक्न नसकिएको अध्यक्ष शर्मा बताउनुहुन्छ ।

एकीकृत बस्ती बसालेर नागरिकको जीवनस्तर उकास्ने कार्यक्रम सञ्चालन गर्न थाले पनि सफल बन्न नसकेको उहाँले बताउनुभयो । युवालाई लघुउद्यम तथा घरेलु उद्योगमार्फत स्वरोजगार बनाउने गरी काम गरे पनि बसाइँसराइ नरोकिएको अध्यक्ष शर्मा बताउनुहुन्छ ।

"बसाइँसराइ रोक्नका लागि हामीहरूले धेरै प्रयास गर्‍यौं, बस्ती-बस्तीसम्म सडक, खानेपानी, शिक्षा र स्वास्थ्यको पहुँच पुर्‍याएका छौं, युवालाई रोजगारसँग जोड्ने काम पनि भएको छ", उहाँले भन्नुभयो, "एकीकृत बस्ती बसालौं भनेको कसैले मानेनन्, तर गाउँ छाडेर गए, बगाले भन्ने ठाउँमा पहिले करिब २० घर थिए, अहिले त्यो टोल नै खाली छ, बसाइँसराइ रोक्नका लागि हामी लागिरहेका छौं ।"

बरेङबाट धेरैजसो स्थानीय चितवन, रुपन्देही, नवलपरासी, पोखरालगायत ठाउँमा बसाइँसराइ गरेर जाने गरेको अध्यक्ष शर्माको भनाइ छ ।

# बागलुङ घुम्ने पर्यटक बढेपछि होटलमा लगानी थपिँदै

**तारानाथ आचार्य**
बागलुङ, ११ फागुन/रासस

पछिल्लो समय पर्यटन व्यवसाय चलायमान भएसँगै यहाँ होटल व्यवसायमा आकर्षण बढ्न थालेको छ । सदरमुकाम बागलुङ बजारदेखि जिल्लाका दूरदराजसम्म होटलमा लगानी बढ्न थालेको हो । पर्यटन तथा नागरिक उड्यान मन्त्री बद्रीप्रसाद पाण्डेले केही दिनअघि सदरमुकाम बागलुङ बजारमा होटल इला कम्फोर्टको उद्घाटन गर्नुभयो ।

पछिल्लो पटक सञ्चालनमा आएको यो होटल जिल्लाकै धेरै लगानीको पहिलो होटल हो । उद्योग बाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले रु ३० करोड लगानीमा सञ्चालनमा ल्याउनुभएको होटलले सदरमुकाम भित्रिने पर्यटक लक्षित गरेर सेवा सुविधा विस्तार गरेको छ । झण्डै ६ महिनाअघि बजारमै सञ्चालनमा रहेका दुई होटलले सेवा बिस्तार गर्नुभयो । लगानी बढाउनुभयो । होटल रेड एप्पलले स्थानान्तरणपछि फराकिलो क्षेत्रमा आफ्ना सेवा सञ्चालनमा ल्याएको छभने होटल शितलले रु दुई करोड लगानी थप गरेर सेवा थालेको छ। सदरमुकाममा रहेका होटल दि राजन, पिस प्यालेस, समिट धौलागिरी, होटल पर्व लगायतका होटल पनि आफ्ना सेवा बिस्तारमै छन् । अन्य होटल तथा रेष्टुँराले पनि पर्यटक लक्षित सेवालाई केन्द्रमा राखेका छन् । सदरमुकाम बाहिर घोडाबाँधेमा माउन्टेन भ्यु, गलकोटमा गलकोट स्क्वायर, बडिगाडमा एग्रो रिसोट, कुश्मीशेरामा साकुरा, बुर्तिबाङमा होटल दरबार र निसीको झिँवाखोलामा होटल लोकमार्ग पर्यटक लक्षित होटल हुन् । पर्यटन प्रवर्द्धन गर्ने उदेश्यले बागलुङमा होटल व्यावसायमा लगानी बढाउदै लगिएको हो । बागलुङको प्रसिद्ध कालिका भगवती मन्दिर, पञ्चकोट, शालग्राम संग्राहलय, तथा ढोरपाटन शिकार आरक्ष लगायतका प्रमुख पर्यटकिय गन्तव्यको अवलोकन भ्रमण गर्न आउने पर्यटकको चहलपहल बढ्न थालेपछि सुविधा सम्पन्न होटल तथा लजहरूको विस्तार हुने क्रम बढेको होटल सगुनका सञ्चालक सञ्जय श्रेष्ठ बताउनुहुन्छ ।

यहाँ पर्यटक आउनका लागि कालीगण्डकी कोरिडोर तथा मध्यपहाडी लोकमार्गले सघाईरहेका छन् । "भएका होटल मात्रै यहाँ पर्यटक आउने क्रम बढ्दा पर्याप्त हुँदैनन्' होटल व्यवसायी महासङ्घका गण्डकी प्रदेश अध्यक्ष अर्जुन चोखालले भन्नुभयो, 'होटल व्यवसायमा लगानी बढ्नु जिल्लामात्रै होईन प्रदेशकै लागि सकरात्मक सन्देश हो ।' होटल क्षेत्रमा व्यवसायीले एक करोडदेखि ३० करोडसम्म लगानी गरेका छन् भने एक हजार भन्दा बढीले प्रत्येक्ष रोजगारी पाएका छन् । पाहुनाको आगमनले रौनकता छाएको र होटल तथा लज सञ्चालकले राम्रो सेवा दिइरहेको होटल शिलतका संचालक तालबहादुर कुँवर बताउनुहुन्छ। "यहाँ सम्भावना धेरै छन्, राज्यले लगानी सुरक्षा गरिदिने हो भने लगानीकर्ता तयार हुन्छन्' उद्योग बाणिज्य सङ्घ बागलुङका अध्यक्ष नरेश कँडेल भन्नुहुन्छ, "लगानी आकर्षण गर्ने काम राज्यको हो, नीजि क्षेत्रलाई हेर्ने नजर स्थानीयदेखि केन्द्र सरकारसम्म फेरिनुपर्छ ।' व्यवसायीहरूले पाहुलनालाई आर्कषण गर्न बिभिन्न पर्यटकीय प्याकेज समेत ल्याउन थालेका छन् । बिभिन्न क्षेत्रको अवलोकनपछि एक दिन बसोबास गर्ने गरि सुविधा सम्पन्न होटल पाउन थालेपछि आन्तरिक पर्यटकलाई सहज बनेको छ । पर्यटकको आगमन बढेसँगै होटलको आम्दानी पनि बढेको छ । होटल भरिँदाका दिन एउटै होटलले ५० हजारदेखि एक लाखसम्म आम्दानी गर्ने गरेको होटल पर्वका म्यानेजर राम पराजुली बताउनुहुन्छ । बागलुङका पर्यटकीय क्षेत्र घुम्नका लागि देशभरीबाट बिभिन्न विद्यालय, समुह र सहकारी तथा व्यक्ती र परिवार मिलेर आउनेहरूको लर्को छ। मुस्ताङ पुगेर फर्किने, म्याग्दीको तातोपानी कुण्ड पुग्ने पर्यटकको समेत बासस्थान भएकाले दैनिक ३००देखि ५०० सयपर्यटक जिल्ला भित्रिने गरेको होटल अन्नपूर्णका सञ्चालक ढोलराज पौडेल बताउनुहुन्छ ।

# चेतनाको अभावले घरमै हुन्छन् सुत्केरी

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ फागुन

बागलुङको निसीखोला गाउँपालिकामा गत वर्षमात्र ६० जनाभन्दा बढी घरमै सुत्केरी भए । दुई सुत्केरीको अकालमै ज्यानसमेत गयो । चेतनाको कमी, अशिक्षा र भौगोलिक विकटताका कारण निसीखोलाका केही दुर्गम गाउँमा अझै स्वास्थ्य जागरण पुग्न नसकेको हो ।

निसीखोलामा घरमै हुने सुत्केरीको सङ्ख्या पालिकाको तथ्याङ्कमा आउन नसक्दा झनै समस्या थपिएको छ । गत वर्ष निसीखोला गाउँपालिकामा दुई सय १३ जना संस्थागत सुत्केरी भएको तथ्याङ्क भए पनि घरमै हुने सुत्केरीको तथ्याङ्क सङ्कलनमा समस्या छ। अझै पनि चेतनाको अभावमा निसीखोलाको दुर्गम गाउँमा घरमै सुत्केरी हुने गरेको पाइएको छ। यहाँको दुर्गम गाउँ चुसिबाङ, तिघ्रापानी, भुर्वाङ र निसेलढोर जस्ता गाउँमा गर्भवतीको ४० प्रतिशत घरमै सुत्केरी हुने गरेको पाइएको छ । अशिक्षा, गरिबी र भौगोलिक विकटताका कारण निसीखोलामा होमडेलिभरी पछिल्लो समय चुनौती बन्दै आएको निसीखोला स्वास्थ्य शाखाले जनाएको छ । जनचेतनामूलक कार्यक्रम गरिरहेको पालिकाले सबै गर्भवतीलाई स्वास्थ्य संस्थाको पहुँचमा ल्याउन नसकेको स्वास्थ्य शाखा प्रमुख जुनी घर्तीमगरले जानकारी दिनुभयो । "घरमै सुत्केरी हुनेको सङ्ख्या दुर्गमका तीन गाउँमा बढी पाइएको छ", प्रमुख घर्तीमगरले भन्नुभयो, "तथ्याङ्कमा गत वर्ष आठ जना घरमै सुत्केरी भएको पाइन्छ, चालु आर्थिक वर्षमा समेत सात जना घरमै सुत्केरी भएका छन्, घुम्ती गोठमै सुत्केरी भएका समेत छन् ।" गत आर्थिक वर्षमा निसीखोला गाउँपालिकामा दुई सय १३ जना संस्थागत सुत्केरी भएका थिए । बागलुङको अधिकांश स्थानीय तह शून्य होमडेलिभरी उन्मुख रहेका छन् । निसीखोला गाउँपालिकामा भने घरमै सुत्केरीलाई मुख्य समस्याको रूपमा लिइएको छ । यहाँको दूर-दराजमा अझै पनि अस्पतालको पहुँचमा आउन नचाहने, अशिक्षा, गरिबीलगायत कारण घरमै सुत्केरी हुने गरेको पाइएको छ । घरमै सुत्केरी हुने महिला अधिकांश दलित समुदायका रहेको स्वास्थ्य शाखा प्रमुख मगरले बताउनुभयो । मगरका अनुसार बालविवाह र घरमै सुत्केरी निसीखोलाको चुनौतीको विषय रहेको छ । उनीहरू अस्पताल आउनै नमान्ने, गर्भवती भएको जानकारी नदिने र महिला स्वास्थ्य स्वयंसेविकालाई ढाँट्ने गर्दछन् । निसीखोला गाउँपालिका-६ चुसिवाङ गाउँमा मात्रै १२ आमामध्ये छ आमा घरमै सुत्केरी भएको स्थानीय महिला स्वास्थ्य स्वयंसेविका मनिमला घर्तीले जानकारी दिनुभयो । उहाँले घरमै सुत्केरी हुनेमध्ये न्यून आय भएका तथा दलित समुदायका महिला बढी छन् । "चेतना भयो भनेत स्वास्थ्य संस्थामा सुविधा थियो, उहाँहरूले गर्भवती भएको जानकारी नै गराउन चाहनुहुन्न, परिवारको समेत सहयोग हुँदैन, त्यसमाथि बालविवाह हुन्छ", प्रमुख घर्तीले भन्नुभयो, "घुम्ती बसाइका कारण खर्कमा जाने महिलाहरू उतै सुत्केरी भएर आउँछन्, गाउँपालिका र स्वास्थ्य कार्यालयले जनचेतना फैलाउन थालेको छ, खासगरी गर्भवती भएपछि सम्पर्कमा आए त्यसपछिको खोजी हामीले र स्वास्थ्य संस्थाले गर्दथ्यौं, तर कतिपयले जानकारी गराउनै मान्नुहुन्न ।" निसीखोला गाउँपालिकाकाअनुसारगतआर्थिक वर्षमा संस्थागत सुत्केरी भएका दुई सय १३ मध्ये ५८ सुत्केरी २० वर्षभन्दा मुनिका भेटिएका छन् । यस्तै चालु आर्थिक वर्षमा समेत १८ जना २० वर्षभन्दा मुनिकाले बच्चा जन्माइसकेको पालिकाको स्वास्थ्य शाखाको तथ्याङ्कमा उल्लेख गरिएको छ । बालबिबाहलाई लुकाउनसमेत संस्थागत सुत्केरी हुन नचाहने गाउँपालिकामा रहेका छन् । नवजात शिशुलाई उपयुक्त पोषणको समेत अभाव भएको अध्ययनमा देखिएको स्वास्थ्य कार्यालयका अधिकृत लक्ष्मी शर्मा बताउनुहुन्छ । घरमै सुत्केरीको चुनौती बागलुङका १० पालिकामध्ये निसीखोला प्रमुख रहेको छ । बागलुङको बरेङ गाउँपालिका र तमानखोला गाउँपालिकाले शून्य होमडेलिभरी उन्मुख स्थानीय तह निर्माणमा जुटेको जनाएका छन् । चार नगरपालिकामा भने होमडेलिभरीको तथ्याङ्क कमै आउने गरेको शर्माको भनाइ छ । गर्भवती भएपछि स्वास्थ्य स्वयंसेविकालाई जानकारी गराउन नसक्दा तथ्याङ्क सङ्कलन हुन नसकेको शर्माको भनाइ छ । गण्डकी प्रदेशको स्वास्थ्य मन्त्रालयले निसीखोलाजस्तो दुर्गम गाउँलाई मध्यनजर गर्दै पोषण सचेतनाको कार्यक्रमलाई तीव्रता दिइएको स्वास्थ्यमन्त्री कृष्ण पाठकले जानकारी दिनुभयो ।

# किसानले बिक्री गरे ६० लाखको सुन्तला

**पोखरापत्र संवाददाता**
वालिङ, ११ फागुन

स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकका कृषक फणिनारायण अर्यालले यस वर्ष रु ६० लाखको सुन्तला बिक्री गर्नुभएको छ।

व्यावसायिक रुपमा सुन्तलाखेती गर्दै आउनुभएका अर्याल सुन्तला बिक्री गरी जिल्लामै सबैभन्दा धेरै आम्दानी गर्ने कृषकसमेत हुनुहुन्छ । अर्यालले यस वर्ष ७५ मेट्रिकटन सुन्तला बिक्री गर्नुभएको हो । 'त्रिपुत्र बागवानी कृषि फार्म' दर्तागरी सञ्चालन गर्नुभएका अर्यालले ग्रेडिङ मेसिनमार्फत ग्रेडिङ गरी सुन्तला बिक्री गर्दै आउनुभएको छ । यस वर्ष न्यूनतम रु ७० देखि अधिकतम रु एक सय २० प्रतिकिलोका दरले सुन्तला बिक्री गरी रु ६० लाख आम्दानी गर्न सफल भएको उहाँले बताउनुभयो । "यहाँ उत्पादन भएको सुन्तला काठमाडौँस्थित भाटभटेनी सुपरमार्केट, कालीमाटी तरकारी तथा फलफूल केन्द्र, बल्खु, नारायणगढलगायत बजारमा बिक्री गरेको हुँ", उहाँले भन्नुभयो, "बर्सेनि सम्झौता भई बजारीकरण हुँदै आएकाले बिक्रीका लागि कुनै समस्या भएको छैन, अहिलेसम्म सहज नै छ ।" गत वर्षभन्दा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भए तापनि बजार मूल्य भने गत वर्षभन्दा कम परेको उहाँले बताउनुभयो । गत वर्षजस्तो यस वर्ष स्याङ्जाको सुन्तलाको गुणस्तर राम्रो नभएकाले मूल्य कम परेको हो । गत वर्षको तुलनामा यस वर्ष झण्डै १० मेट्रिकटन सुन्तला उत्पादन बढी भए पनि बजार मूल्य कम हुँदा गत वर्षको र यस वर्षको आम्दानी समान रु ६० लाख हुन पुगेको उहाँ बताउनुहुन्छ । करिब ८० रोपनी क्षेत्रफलमा व्यावसायिक रुपमा सुन्तलाखेती गर्दै आउनुभएका अर्यालको फार्ममा हाल दुई हजार दुई सय सुन्तलाका बोट छन् । त्यसमध्ये दुई हजार बोटले उत्पादन दिन्छन् भने दुई सय साना बिरुवा छन् । अर्यालले २०३६ सालमा विद्यालयमा पढ्दै गर्दा २५ वटा सुन्तलाका बिरुवा ल्याएर सार्नुभएको थियो । सोही समयमा सारिएका बिरुवा राम्रो हुँदै गएपछि विसं २०४२, २०५० र हालसालै पनि सुन्तलाका बोट थप गर्नुभएको छ । "मेरो आम्दानीको मुख्य स्रोत नै सुन्तला हो", उहाँले भन्नुभयो, "आठ जनाको परिवारको शिक्षादीक्षा तथा घरखर्च सबै यसैबाट चलाएको छु ।" सुन्तला व्यवसायी अर्यालले आफ्नो फर्ममा उत्पादन गरेको सुन्तलासहित अन्य कृषकको पनि सुन्तला सङ्कलन तथा खरिद गरी बिक्रीसमेत गर्दै आउनुभएको छ । उहाँले यस वर्षमात्रै रु चार करोड ५७ लाखको सुन्तला खरिद बिक्री गर्नुभएको छ ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८१।११।०९

स्याङ्जा जिल्ला मध्ये नुवाकोट मौजे साम्मी जफदीका नन्दराज पाध्या जिम्मा भुत्ता २०१४/११/०१ गतेका घ.मु. बमोजिम २०१७/०३/१८/१ का पर्चा नक्कल बमोजिम जाँच दर्ता २०१४ सालदेखि बाली आउने २०१८ सालको नम्बरी दर्ता, भू.सु. ७ नं. फाराममा लगत दिएको तिरो रु.।५० लागेको सर्भे नापीमा निर्मलपोखरी वडा नं. १ कि.नं. २४१ क्षे.फ. ११०-०-३-३ को जग्गा मध्ये कास्की जिल्ला अदालत मुद्दा नं. ०७४-CP-०१२१ मिति २०७५।०२।१४ मा कि.नं. २४१ समेतको सन्दर्भमा पुनः निर्णयको लागि पठाउने तत्कालीन पुनरावेदन अदालत पोखराको फैसला सर्वोच्च अदालतबाट सदर भई रहे बसेको देखिदा भनी उल्लेख भएकोले उक्त जग्गा दर्ता गरिपाउँ भनी कास्की जिल्ला निर्मलपोखरी १ बस्ने पवित्रादेवी श्रेष्ठ र मायादेवी श्रेष्ठले यस कार्यालयमा निवेदन दिईएकोले निवेदकले दर्ता माग गरेको कि.नं. २४१ मध्ये कास्की जिल्ला अदालतबाट तयार गरिएको नक्सा ट्रेस तथा नक्सा मुचुल्का बमोजिमको उक्त जग्गा निवेदकको साविक दर्ता, तिरो भरो भित्रको हो होईन ? निवेदकको भोगचलन छ ? छैन ? निवेदक वाहेक अरु कोही कसैको हकदावी छ ? छैन ? सम्मानित अदालत तथा अन्य सरकारी कार्यालय वा निकायमा निवेदन परी काम कार्वाहीको प्रक्रियामा छ ? छैन ? उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

ईति संवत २०८१ साल फागुन ०९ गते रोज ६ शुभम् ।

# शिक्षक विद्यार्थी सम्मान सहित शिक्षक संगठनको छैटौँ गाउँपरिषद् सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

नेपाल राष्ट्रिय शिक्षक संगठन अन्नपूर्ण गाउँपालिकाको छैटौं गाउँ परिषद् बैठक शनिबार वातावरणीय आमा समुह, अन्नपूर्ण ३, लक्ष्मी देउरालीको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले अन्नपूर्ण गाउँपालिकाले शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर काम गरेको बताउँदै यस अभियानमा साथ दिन सम्पूर्ण शिक्षकहरुलाई अनुरोध गरे। २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजामा अन्नपूर्ण गाउँपालिका कास्की जिल्लामा प्रथम, गण्डकी प्रदेशमा तेस्रो र नेपालभरमा पन्ध्रौं स्थानमा परेको बताउँदै उनले आगामी वर्ष सो भन्दा माथि पुग्नैपर्ने र त्यसका लागि पालिकाको शिक्षामा सुधार गर्नैपर्ने बताए। उनले अगाडि भने,




"यसवर्ष पालिका भित्र सञ्चालित हरेक विद्यालयका हरेक कक्षामा कम्तिमा ७० प्रतिशत नतिजा ल्याउने भनेर हामीले योजना बनाएका छौं। हामीले कुन विद्यालयमा के लगानी गर्नुपर्ने हो ? सुझाब दिनुहोस्, हामी तयार छौं। संगठनका साथीहरु भएको विद्यालय अब्बल बनाएर देखाउँछौं भनेर तपाईंहरु पनि यो अभियानमा हातेमालो गर्नुभएको छ, म अत्यन्त खुसी छु।" उनले घोषणापत्र केवल देखाउनको लागि बनाइएको नभई घोषणापत्र अनुसारका काम गर्न आफुहरु लागि परेको बताए। नेपाल राष्ट्रिय शिक्षक संगठन, कास्कीका अध्यक्ष तिर्थराज ढकालले सांगठनिक प्रशिक्षण गर्नुभएको उक्त कार्यक्रममा अन्नपूर्ण गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाका अधिकृत बलराम भुगाईं, शिक्षक हित बचत तथा ऋण सहकारी संस्थाका सचिव दामोदर तिमिल्सिना, शिक्षा समिति अन्नपूर्णकी सदस्य कमला केसी, संगठनका अन्नपूर्ण इन्चार्ज माधव पहारी, भुमेश्वर आधारभूत विद्यालयका प्र.अ. तोरणबहादुर केसी, संगठनका पोखरा महानगर कमिटी सचिव नेपालप्रकाश अधिकारी, नेकपा एमाले जिल्ला समिति सदस्य महेश्वर पौडेल र अन्नपूर्ण कमिटी अध्यक्ष चुडामणी अधिकारी लगायतले शुभकामना मन्तव्य राखेका थिए। शिक्षक सेवा अयोगको परीक्षा उर्त्तिण गरी माध्यमिक तहको नियुक्ति सहित अन्नपूर्ण गाउँपालिकामा पदस्थापन हुनुभएका नवनियुक्त शिक्षक वसन्त चुँदाली, २०८० को एसईई परीक्षामा अन्नपूर्ण गाउँपालिकाबाट सवोत्कृष्ट ३.८७ जिपिए ल्याई उर्त्तिण हुन सफल सिर्जना सामुदायिक माध्यमिक विद्यालयका विद्यार्थी प्रविण कुँवर र यसैवर्ष सेवा निवृत्त शिक्षक माधवप्रसाद पौडेललाई सम्मानित गरिएको उक्त बैठकले सचिवद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन, कोषाध्यक्षद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन र अध्यक्षद्वारा प्रस्तुत भावि योजनाहरु पारित गरेको थियो।

नेपाल राष्ट्रिय शिक्षक संगठन, अन्नपूर्ण गाउँपालिका अध्यक्ष हरि भण्डारीको अध्यक्षता, सचिब किर्तीराज ढकालको सञ्चालनमा सम्पन्न भएको कार्यक्रममा उपाध्यक्ष हरि केसीले स्वागत गरेका थिए।

# डढेलो नियन्त्रण गर्न सचेतना अभियान

पोखरापत्र संवाददाता
दमौली, ११ फागुन

तनहुँमा वन डढेलो नियन्त्रणका लागि सचेतना अभियान सुरु गरिएको छ। जिल्ला प्रशासन कार्यालयको सहजीकरणमा डिभिजन वन कार्यालयले जिल्लाका विभिन्न पालिकामा वन डढेलो नियन्त्रणका लागि सचेतना अभियान सुरु गरेको हो।

तनहुँ वन डढेलो हुने जिल्लामा पर्ने भएकाले वन कार्यालयले विभिन्न पालिकामा पुगेर सरोकारवालाई वन डढेलो नियन्त्रणका लागि सतर्क गराउन सचेतनामूलक कार्यक्रम गरेको हो। सहायक वन अधिकृत काशीराज पण्डितका अनुसार जिल्लाका भिमाद नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकामा सचेतना कार्यक्रम गरिएको छ। फागुनदेखि वैशाखसम्म डढेलो लाग्ने सम्भावना भएकाले नियन्त्रणका लागि समुदायस्तरबाटसहयोगअपरिहार्य रहेकाले सचेतना कार्यक्रमलाई जोड दिइएको पण्डितको भनाइ छ। वन डढेलोले जनधन, वन र जैविक विविधतामा असर पर्ने भएकाले स्थानीयस्तरमै पुगेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी जीतबहादुर भण्डारीले जानकारी दिनुभयो। गत आर्थिक वर्षमा जिल्लामा एक सय १७ हेक्टरभन्दा बढी क्षेत्रफलमा डढेलो लागेको थियो।

कायालयले डढेलो नलगाउनका लागि सचेतनामूलक कार्यक्रम, प्रचारप्रसारलाई समेत जोड दिँदै आएको छ। सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ।

जिल्लाको ८२ हजार पाँच सय ४९ हेक्टर क्षेत्रफल वनले ओगटेको छ। जिल्लाका १० स्थानीय तहमा छ सय १६ सामुदायिक वन, चार सय ८५ कबुलियती वन, छ धार्मिक वन रहेका छन्। डढेलोबाट भुइँमा झरेको रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको बासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने तथा वनमा लागेको आगो नजिकको गाउँघरमा सरी धनजनको क्षति हुने जोखिम बढ्ने बताइन्छ।

वन डढेलोले कम्तीमा १० प्रतिशत तापक्रम बढाउने बताइएको छ। वनमा डढेलो लगाउने कार्य गम्भीर अपराध मानी फौजदारी कसुरमा राखिएको छ। डिभिजन वन कार्यालयले जिल्लाका आठवटै सबडिभिजनमार्फत वन डढेलो सचेतना कार्यक्रम सञ्चालन गरिरहेको छ। वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम दफा ४९ को खण्ड (घ) अन्तर्गत राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा क्षति भएको बिगो असुल उपर गरी तीन वर्ष कैद वा रु ६० हजारसम्म जरिवाना हुने वा दुवै सजाय हुने प्रावधान रहेको छ।

# मुस्ताङमा सिसा, धातु र प्लास्टिकजन्य फोहर व्यवस्थापन अभियान

पोखरापत्र संवाददाता
म्याग्दी, ११ फागुन

मुस्ताङमा नकुहिने सिसा, धातु र प्लास्टिकजन्य फोहर व्यवस्थापन अभियान सञ्चालन भएको छ।

स्थानीय तह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), आमा समूह र युवा क्लबहरूले प्रदूषण न्यूनीकरण गर्न प्लास्टिक, धातु र सिसाजन्य फोहर व्यवस्थापनमा जुटेका हुन्। एक्याप जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले पदमार्ग र बस्तीमा नकुहिने फोहर सङ्कलन गरेर पोखरा पठाउने व्यवस्था मिलाएको जानकारी दिनुभयो।

"हिमाली भूगोल भएको मुस्ताङमा प्लास्टिक र सिसाजन्य फोहरका कारण प्रदुषण बढ्न थालेको, मानिस, घरपालुवा जनावर र वन्यजन्तुको स्वास्थ्यमा असर पर्ने देखिएकाले व्यवस्थापन अभियान चलाएको हो", उहाँले भन्नुभयो, "टोल र वडा स्तरमा सिसा र प्लास्टिकजन्य फोहर राख्ने ठाउँ बनाइएको छ।"सङ्कलन हुने फोहरलाई एक्यापले गाडीमा ढुवानी गरेर पोखरा पुनःप्रशोधन केन्द्रमा पठाउने व्यवस्था मिलाएको रेग्मीले बताउनुभयो। मुस्ताङको नकुहिने फोहर व्यवस्थापनका लागि पोखराको ग्रिन रोड वेष्ट म्यानेजमेन्ट प्रालिसँग सम्झौता भएको छ। ग्रिन वेष्ट म्यानेजमेन्टले फोहरलाई प्रसोधन गरेर पुनःप्रयोग गर्न मिल्ने र अन्य सामग्री बनाउने गर्छ। घरपझोङ गाउँपालिका-४ जोमसोम र वडा नं ३ पुथाङमा सङ्कलन भएको एक सय २९ बोरा (एक हजार नौ सय ८६ किलोग्राम) प्लास्टिक, सिसा र टिनजन्य फोहर यसै हप्ता पोखरा पठाइएको एक्याप जोमसोमले जनाएको छ। यसअघि गत माघ ३ गते घरपझोङको स्याङ र ठिनीबाट ५४ बोरा र २६ कार्टुन (एक हजार दुई सय ३८ दशमलव पाँच) किलोग्राम फोहर पोखरा पठाइएको थियो।

गत कात्तिक पहिलो हप्ता चार हजार पाँच सय १६ मिटर उचाइमा रहेको थोराङ्ला पासमा प्रहरी र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका जनप्रतिनिधिको सहभागितामा करिब ३० बोरा नकुहिने फोहर सङ्कलन र व्यवस्थापन गरिएको थियो। घर तथा होटलमा हुने र सार्वजनिकस्थलका सिसा, प्लास्टिक र टिनजन्य फोहरलाई सङ्कलन केन्द्रमा राख्ने गरिएको छ। फोहरका कारण दीर्घकालीन हिसाबले वातावरण प्रदूषण हुनुका साथै वन्यजन्तु र घरपालुवा बस्तुले खाएर उनीहरू बिरामी पर्ने समस्या देखिएपछि व्यवस्थापन गर्न थालिएको एक्याप जोमसोमका प्रमुख रेग्मीले बताउनुभयो। एक्यापले यस वर्ष घाँसा, लेते र कोवाङमा थप फोहर सङ्कलन केन्द्र बनाउने तयारी गरेको छ। घरपझोङ गाउँपालिकाले प्रदूषण नियन्त्रणका लागि सिसाजन्य मदिराको बिक्री वितरणमा कडाइ गरेको र प्लास्टिकको झोलाको विकल्पमा कपडाको झोला प्रयोगको अभियान सञ्चालन गरेको अध्यक्ष मोहनसिङ लालचनले बताउनुभयो।

# रक्तदान कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ फागुन

'रक्तदान जिवन दान जिवनदान महादान' भन्ने महावाणीलाई सार्थक तुल्याउन सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा माटेपानी पोखरा-१२ को बार्षिक कार्यतालिका अनुसारको आयोजनामा अध्यक्ष धर्मराज आचार्यको अध्यक्षता एवं प्रमुख अतिथी पोखरा महानगरपालिका वडा नं.१३ को वडाअध्यक्ष किरण बरालको प्रमुख आतिथ्तामा पोखरा वडा नं १३ काहुँखोलामा २३ युनिट रक्त संकलन गरी रक्तदान कार्यक्रम




आइतबार सम्पन्न भयो।

कार्यक्रम संयोजक संस्थाका सदस्य बिनोद बरालले गर्नुभएको कार्यक्रममा पुर्व अध्यक्ष एवं सल्लाहकार, अतिथीहरु संस्थाका सम्पूर्ण पदाधिकारी तथा सदस्यज्युहरुको उपस्थिति रहेको थियो। कार्यक्रम संचालन संस्थाका सचिव बाबुराम सापकोटा ले गर्नु भएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष शिव बरालले गर्नुभएको थियो।

# एउटै वडामा तीन जलविद्युत् आयोजनाको निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ११ फागुन

म्याग्दीको धौलागिरि गाउँपालिका-४ मुदीमा तीनवटा जलविद्युत् अयोजना निर्माण सुरू भएको छ। धैलागिरि हिमालको फेदीबाट बग्ने म्याग्दी नदीबाट एक सय ५५ मेगावाट क्षमताको तीन जलविद्युत् आयोजना निर्माण सुरू भएका हुन्।

ऊर्जा डेभलपर्स प्रालिअन्तर्गत म्याग्दी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको ५३ दशमलव पाँच मेगावाट क्षमताको अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले पूर्वाधार सुरू गरेको छ भने हाइड्रो भिलेज प्रवर्द्धक रहेको ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले पहुँचमार्ग निर्माणलाई तीव्रता दिएको छ। त्यसैगरी हाइड्रो इम्पायर प्रालि प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनाले समेत सुरूङ निर्माणको तयारी गरेको छ। म्याग्दी नदीसँगै यसका सहायक गुर्जाखोला र मुदी खोलामा विभिन्न आठ वटा जलविद्युत् आयोजना दर्ता भएकोमध्ये तीन वटा आयोजनाको निर्माण काम अघि बढेको धौलागिरि गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो।

"जलविद्युत् आयोजनाको निर्माण कार्य अघि बढेसँगै दुर्गम बस्तीमा सडकको पहुँच विस्तारमा समेत सघाउ पुगेको छ, हामीले आयोजनामा स्थानीय जनशक्तिलाई समेत प्राथमिकता दिएर काममा अवसर दिन र सामाजिक क्षेत्रमा गर्नुपर्ने उत्तरदायित्वका कार्यलाई प्रभावकारी बनाउन आग्रह गरेका छौँ", गाउँपालिका अध्यक्ष पुनले भन्नुभयो। मुदीको खाम्लामा बाँध र मालिका गाउँपालिका-७ भारवाङमा विद्युत्गृह रहने अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले पहुँचमार्ग निर्माण सकेर सुरूङ र बाँधतर्फका पूर्वाधार निर्माण सुरू गरेको छ। विसं २०८१ वैशाख २८ गतेदेखि पुर्वाधार निर्माण गर्न सुरू गरेको आयोजनाले कूल पाँच किलोमिटर सात सय मिटर सुरूङमध्ये पाँच सय ३० मिटर सुरूङ निर्माण सकिएको आयोजना प्रमुख ज्योतिकुमार केसीले बताउनुभयो।

उहाँका अनुसार, दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको बाँध, सुरूङ र विद्युत् गृहतर्फ अहिलेसम्म करिब १७ प्रतिशत निर्माण कार्य पूरा भएको छ। मुदीकै दोभानमा बाँध र जेल्टुङमा विद्युत्गृह रहने ६५ मेगावाट क्षमताको म्याग्दीखोला जलविद्युत् आयोजनाले विद्युत्गृहको पहुँचमार्ग निर्माण गरेको छ।

# पूर्वाधार अभाव हुँदा खेलकुद गतिविधि सञ्चालन गर्न समस्या

पोखरापत्र संवाददाता
दमौली, ११ फागुन

जिल्लामा पूर्वाधार नहुँदा खेलकुदका गतिविधि सञ्चालनमा समस्या हुँदै आएको छ। यहाँका स्थानीय तहमा व्यवस्थित खेल मैदान नहुँदा खेलकुदका गतिविधि सञ्चालनमा कठिनाइ हुँदै आएको हो। खेलकुदका पूर्वाधार अभावमा खेलाडीले ओझेलमा पर्दै गएका छन्।

खेल मैदानका कारण पालिकास्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता सञ्चालनमा समस्या हुँदै आएको भानु नगरपालिकाका शिक्षा शाखा प्रमुख ध्रुवराज पौडेलले बताउनुभयो। 'एक स्थानीय तहः एक रङ्गशाला' बनाउने भनिए पनि अहिलेसम्म रङ्गशाला निर्माण हुन नसकेको बताउँदै उहाँले सङ्घीय सरकारले खेलकुद पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गर्नुपर्नेमा जोड दिनुभयो। पालिकास्तरमा आयोजना हुने राष्ट्रपति रनिङसिल्ड वैकल्पिक व्यवस्था गरी विद्यालयको खेल मैदानमा आयोजना गर्दै आइएको छ। खेल मैदानको अभावमा कराते बास्केटबल कोर्टमा खेलाइने गरिएको बताउँदै केही समयअघि दमौलीमा सञ्चालित राष्ट्रपति रनिङसिल्डअन्तर्गत कराते व्यास नगरपालिका-३ स्थित बास्केटबल कोर्टमा खेलाइएको नेपाल कराते महासङ्घ गण्डकी प्रदेश अध्यक्ष मनिराज थापाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "जिल्लामा एउटा पनि कभर्ड हल छैन। कभर्ड हल नहुँदा कहिले खुला चौरमा, कहिले बास्केटबल कोर्टमा खेल खेलाउनुपर्ने बाध्यता छ। खेल क्षेत्रको विकासका लागि सरोकार भएका निकायले चासो नदिँदा समस्या भइरहेको छ।" व्यवस्थित कभर्ड हल बनाउन सकिए करातेसहितका खेल सञ्चालनमा सहयोग पुग्ने उहाँको भनाइ छ।

कराते खेलाउनका लागि आवश्यक म्याटसमेत जिल्लामा उपलब्ध छैन। कराते खेल खेलाउँदा गण्डकी प्रदेशबाट म्याट मागेर ल्याउनुपर्ने बाध्यता छ।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष अनिल पाण्डेले सङ्घीयतापछि तीन तहको सरकार बनेको र सबैभन्दा नजिकको सरकार स्थानीय सरकारले पनि खेल क्षेत्रको भावना बुझ्न नसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "पूर्वाधार नहुँदा खेलकुदका गतिविधि सञ्चालनमा समस्या भइरहेको छ। तनहुँमा खेलकुदका गतिविधि हुने गरेकामा पूर्वाधारको अभावले खेलाडी ओझेलमा पर्न थालेका छन्।" हालै दमौलीमा भएको जिल्लास्तरीय रनिङसिल्ड प्रतियोगिता सञ्चालनका लागि खेलकुद मन्त्रालयले बजेट नदिँदा समस्या भएको पाण्डेको भनाइ छ। विगतका वर्षमा रनिङसिल्डका लागि केही बजेट आउने भए पनि यस वर्ष बजेट कटौती भएको गुनासो गर्दै हरेक स्थानीय तहसँग दर्ता शुल्कबापत रु २५ हजार लिएर प्रतियोगिता सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।

पूर्वाधारको अभावमा जिल्लास्थित विभिन्न स्थानीय तहमा खेलकुदका गतिविधि सञ्चालन गर्न कठिनाइ भइरहेकाले स्थानीय तहले खेलकुद पूर्वाधारलाई प्राथमिकतामा राख्नुपर्नेमा पाण्डेले जोड दिनुभयो।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ भण्डारीटोल सतिफाट भित्री बाटो स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भण्डारी टोल सतिफाट भित्री बाटो स्तरोन्नति
ठेगानाः पोखरा-२७, भण्डारीटोल
योजना सम्झौता मितिः २०८१/०९/०४ गते
योजना शुरु मितिः २०८१/०९/०५ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/११/१० गते
योजनाको कुल लागतः रु.११,७७,०००।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु.१,७७,०००।-
अध्यक्षः सूर्यमणि भण्डारी सम्पर्क नं.: ९८५६०३०१५५
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**भण्डारी टोल सतिफाट भित्री बाटो स्तरोन्नति उपभोक्ता समिति पोखरा-२७, भण्डारीटोल**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ जय टोलमा पार्क निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः जय टोलमा पार्क निर्माण
ठेगानाः पोखरा-१२, जय टोल
योजना शुरु मितिः २०८१/११/०४ गते
योजना सम्पन्न हुने मितिः २०८१/११/२९ गते
योजना सम्पन्न भएको मितिः २०८१/११/१२ गते
योजनाको कुल लागतः रु.३,२०,०००।-
महानगरपालिकाबाटः रु.३,००,०००।-
जनसहभागिताबाटः रु.२०,०००।-
अध्यक्षः विष्णुप्रसाद गौतम
निर्माण समिति सदस्य संख्याः ११
महिलाः ३, पुरुषः ७

**जय टोलमा पार्क निर्माण उपभोक्ता समिति पोखरा-१२, जयटोल**